# दार्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कालाँचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

### सूचना प्रकाशित मिति: २०७८/०९/११

दार्मा गाउँपालिकामा करार सेवामा कर्मचारी व्यवस्थापन गर्न बनेको कार्यविधि २०७७ को दफा ४ बमोजिम देहायको पदमा देहायको संख्या आवश्यक भएकोले योग्यता पुगेका कर्मचारी करार सेवामा लिनुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट) कार्यालय समयमा राजस्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ४/२०७८/०७९ | मेडिकल अधिकृत | आठौं | १ (एक) |
| २. | ५/२०७८/०७९ | रेडियोग्राफर | पाँचौं | १ (एक) |

**क) मेडिकल अधिकृतका लागि शैक्षिक योग्यता र अनुभव**

१. नेपाली नागरिक ।
२. न्यूनतम योग्यता (नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट) एमबिबिएस उत्तीर्ण वा सोसरहको शैक्षिक योग्यता उत्तीर्ण गरि नेपाल मेडिकल काउन्सिल (एनएमसी) को प्रमाणपत्र प्राप्त गरेको ।
३. २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।
४. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
५. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुदार नठहरिएको ।

**ख) रेडियोग्राफरका लागि शैक्षिक योग्यता र अनुभव**

१. नेपाली नागरिक ।
२. न्यूनतम योग्यता (नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट) रेडियोग्राफि वा सो सर हको शैक्षिक योग्यता उर्तीण गरेको ।
३. १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने ।
५. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
६. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुदार नठहरिएको ।

**ग) सेवा, सुविधा**

- नियमअनुसार ।

**घ) परीक्षाको किसिम**

- लिखित र अन्तर्वार्ता (दुवै पदका लागि) ।

**ङ) दरखास्त पाइने स्थान**: दार्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा ।

**च) दरखास्त दिने अन्तिम मिति**: २०७८/०९/२५ गते

**दरखास्त दस्तुर**: मेडिकल अधिकृतका लागि रु १,०००/- र रेडियोग्राफरको लागि रु ८००/-

**छ) आवेदनका साथ थप संलग्न कागजातहरु:**

आवेदकले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि ।
१. नेपाली नागरिकता,
२. न्यूनतम शैक्षिक योग्यता (नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट) को प्रमाणपत्रको प्रतिलिपि,
३. कार्यअनुभव प्रमाणपत्रको प्रतिलिपि ।
४. २ प्रति पासपोर्ट साइजको फोटो ।

**ज) परीक्षा मिति र स्थान**: मिति २०७८/०९/२६ गते सूचनामार्फत जानकारी गराइनेछ ।

अन्य थप जानकारीका लागि दार्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**